**BMC Research Journal**
**ISSN**: 2795- 1731
Peer-reviewed Multidisciplinary
Open Accesss Journal
Indexed in Nepjol

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# सञ्जाली भाषाको प्रारूप र यसको समसामयिक प्रयोग

–डा.ओमप्रकाश आचार्य
उपप्राध्यापक, जुम्ला बहुमुखी क्याम्पस, त्रि.वि.

---

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2026, Volume: 5, BMC Research Journal
Corresponding Author: Om Prakash Acharya    Email: omacharya3851@gmail.com
Orcid: https://orcid.org/0009-0000-4362-5156
Copyright @ The Author(s). The publishe rmay reuse the article(s )as per the prior permission of the concerned author(s).

---

**लेखसार**

नेपाली भाषा एघारौं शताब्दीदेखि प्रारम्भ भएको हो । प्रत्येक भाषा अपभ्रंशबाट प्राकृत भाषाको विकास भएजस्तै खस अपभ्रंशको पूर्वी पहाडी भेगबाट नेपाली भाषाको उत्पति भएको ठहर्छ । नेपाली भाषाको इतिहास प्राचीनकाल आरम्भदेखि १५५५ साल सम्मको हो । यो समय एघारौं शताब्दी नै हो । नेपाली भाषाको प्राचीन नमुना १३१२ को अशोक चल्लको अभिलेखलाई मानिन्छ । प्राचीन नेपाली खस कुरा वा सिञ्जाली भाषा हो । एघारौं शताब्दीमा नागराजले खस राज्यको स्थापना गरेका हुन् । उनले आफ्नो राज्यको राजधानी कर्णाली अञ्चलको सिञ्जालाई बनाए र राजभाषा सिञ्जाली नेपाली रह्यो । नेपाली भाषाको मूल थलो सिञ्जा र विकसित हुँदै गोर्खा, काठमाडौं दार्जिलिङसम्म फैलियो । सङ्ग्राम मल्लको अभिलेखदेखि भास्वती गगनीराजको यात्रा, कृति भाषा इतिहास हुन् । नेपली भाषाको प्रचीनता सिञ्जाली भाषा र यसका प्रमुख विशेषतामा तत्सम तद्भव शब्दहरूको प्रयोग, गद्य भाषा प्रयोग, विभक्ति ले को प्रयोग नहुनु, मानवेत्तरमा पनि लिङ्ग विधान हुनु, बहुवचन 'हरू' प्रत्यय प्रयोग नहुनु, साहित्यिक रचनाको अभाव हुनु प्राचीन नेपाली भाषाका प्रमुख विशेषता हुन् । वर्तमान अवस्थामा सिञ्जाली भाषा र यसका विशेषताको अध्ययन गरिएको छ । मुख्य गरी सिञ्जाली भाषामा मौलिक प्रकृतिका विशेषताहरू छन् । /इ/ /उ/मा /या/ /व/ को प्रयोग 'अ' ध्वनि स त कतै 'ह' मा उच्चरित हुनेगर्छ भूतकालमा क्रिया छियो प्रयोग हुने गर्दछ, द्वितीया विभक्ति कन तृतीया र पञ्चमी देइ, षष्ठी ओ आ सप्तमी मैं को प्रयोग हुन्छ । सिञ्जाली भाषाको मुँ >म, तो>त, तुमी>तिमी हुनु यस भाषाका विशेषता हुन् ।

*मुख्य शब्दावली* : प्राचीन, भारोपेली, सतम्, भाषाशास्त्री, विकासक्रम।

## विषयप्रवेश

नेपाली भाषाको उद्गम स्थल कर्णाली प्रदेशको सिञ्जामा बोलिने भाषा सिञ्जाली भाषा हो । यो नेपाली भाषाको प्रारम्भिक स्वरूप हो । प्राचीन नेपाली भाषाको संरचना यसका विशेषताको अध्ययनसँगै वर्तमान अवस्थामा रहेको सिञ्जाली भाषाको संरचना र यसमा रहेका भाषिक विशेषता के कस्ता रहेका छन् भन्ने सम्बन्धमा अध्ययन गरिनु आवश्यक हुन्छ । हाल प्रयोग प्रचलनमा रहेको सिञ्जाली भाषा र यसका

विशेषताका सम्बन्धमा अध्ययन गरी सिञ्जाली भाषाका विशेषता पहिल्याउनु आवश्यक देखिएकाले यो अध्ययन गरिएको छ । हरेक भाषाको वर्तमान अवस्थाको अध्ययन आवश्यक हुन्छ । यही रिक्ततालाई ध्यानमा राखी यस लेख मार्फत सिञ्जाली भाषाको प्राचीन प्रारूप र वर्तमान अवस्थाको अध्ययन गरिएको छ ।

नेपाली भाषाको काल विभाजनमा सिञ्जाली भाषा प्राचीन र ऐतिहासिक छ ।ऐतिहासिक घटनाक्रम र भाषिक पुरातत्वका आधारमा नेपाली भाषाको काल विभाजनमा वि. सं. ११५० देखि १४५० सम्मको समयावधि सिञ्जाली भाषाको समयावधि हो (अधिकारी, २०५६:३०) । नेपाली भाषाको विकासमा सिञ्जाली, पर्वते, गोर्खाली हुँदै नेपाली राष्ट्रभाषा सम्मको विकासमा सिञ्जाली भाषा भाषिक जग वनेको छ । राष्ट्रभाषाका रूपमा नेपाली भाषा वि.सं. १९९० पछि मात्र विकसित भएको हो । जुम्लाको सिञ्जाबाट प्रारम्भ भएको नेपाली भाषाको मूल रूप सिञ्जाली भाषा विकसित स्वरूपमा नेपाली भाषा बन्दै भिन्न संरचना र स्वरूपमा देखिन थाल्यो । नेपाली भाषाको प्राचीन विशेषता बोकेको सिञ्जाली भाषा भाषिक प्रयोगको सीमिततामा रह्यो । यद्यपि भाषिक विस्तारका क्रममा गोर्खा, दार्जिलिङ एवम् नेपालभरि फैलिएर विकसित स्वरूपमा सरकारी कामकाज, औपचारिक भाषाको मान्यता लिइ मानक भाषा नेपाली भाषा स्थापित भएको  छ ।साहित्यिक विकास,औपचारिक प्रयोग भाषाको मानकीकरण, आधुनिकीकरण नेपाली भाषा विकासका आधार स्तम्भ हुन् । सिञ्जाली भाषा सिञ्जा क्षेत्रमा प्रयोगगत छ । यो जुम्ला जिल्लाको सिञ्जादरामा प्रयोग भइरहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा बोलिने १२३ भाषाहरूमध्ये सिञ्जाली भाषा पनि एक हो, जसलाई बोल्ने जनसंख्या मुख्यतया कर्णालीमा केन्द्रित छन् । तथ्याङ्क विभागका अनुसार यसलाई भाषामा राखिएको छैन । यो ऐतिहासिक भाषा हो । सिञ्जा र त्यसका वरिपरिका जिल्लाहरूमा सिञ्जाली बोलिन्छ र यस क्षेत्रको शिक्षा, संचार र प्रशासनमा नेपालीको उपयोग हुन्छ (बन्धु, २०२८ : पृ. १२) । सिञ्जाली कथ्यमा सीमित रहेको छ । सिञ्जाली भाषामा साहित्यको विकास हुन सकेन, सिञ्जाली भाषाले संचारमा व्यापकता लिन सकेन । सिञ्जादरामा प्रयोग भइरहेको छ ।कर्णाली अञ्चलमा सिञ्जालीबोलिन्छ भने केन्द्रीय र पूर्वी नेपालको ठुलो क्षेत्रमा नेपाली भाषाको प्रयोग हुन्छ (बन्धु, २०२८, पृ. १) । नेपाली भाषाको ऐतिहासिक प्रारूप कस्तो थियो त्यो ऐतिहासिक प्रारूपमा रहेको सिञ्जाली भाषाको हाल प्रयोग कसरी भइरहेको छ भन्ने सम्बन्धमा यस लेखमा अध्ययन गरिएको छ ।

## अध्ययनको उद्देश्य

सिञ्जाली भाषाको प्रारूप पहिल्याइ यसका विशेषताको अध्ययन गर्नु यस लेखको प्रमुख उद्देश्य हो ।

## अध्ययन विधि

क्षेत्रगत अध्ययन विधि यस लेखको प्रमुख अध्ययन विधि हो ।अध्ययन सामग्रीका स्रोत प्राथमिक र द्वितीय हुन् ।सिञ्जाली भाषी वक्ता क्षेत्रमा भाषिक वक्ताका अभिव्यक्तिलाई मुख्य आधार मानिएको छ । अध्ययनकर्ता स्वयम् सिञ्जाली भाषी वक्ता भएका आधारबाट सामग्री संकलन, सत्यापन र त्यसको तुलनात्मक अध्ययनमा सिञ्जाली भाषाको प्रारूप पहिल्याइ यसका विशेषताको अध्ययन गर्नमा प्रयोग गरिएको छ ।

## अध्ययनको विश्लेषण

### छलफल/परिणाम

नेपाली भाषा भारोपेली भाषा परिवारको सतम् वर्गको आर्य इरानेली शाखाबाट विकसित भएको भाषा हो । नेपाली भाषा पनि आर्यभाषा सरह एघारौं शताब्दीदेखि बोलचालमा आएको मानिन्छ । आधुनिक आर्यभाषा कालमा खस अपभ्रंशको विकास भएपछि पश्चिमी पहाडी, मध्य पहाडी र पूर्वी पहाडी गरी तीन भेद विकसित भएको देखिन्छ । यिनै तीन भेद मध्ये पूर्वी पहाडीबाट नेपाली भाषाको विकास भएको हो । नेपाली भाषाको उत्पत्ति कोट्याउँदै जाँदा संस्कृतसम्म पुग्न सकिन्छ । त्यसैले नेपाली भाषालाई संस्कृत भाषाको देन मानिन्छ । आर्यभाषा भनेको नै संस्कृत भाषा हो । संस्कृत भाषाको उत्पत्ति आज भन्दा ३,५०० वर्ष अगाडि भएको मानिन्छ । इ.पू. १५०० मा संस्कृत भाषाको जन्म भएपछि वैदिक र लौकिक गरी यसका दुई हाँगा विकसित हुन्छन् । संस्कृतको लौकिक हाँगाबाट शौरसेनी, मागधी अर्ध मागधी महाराष्ट्री पैशाची र खस प्राकृत गरी विभाजन गरिन्छ । प्रथम प्राकृतमा पाली र अभिलेखी प्राकृतलाई राखिएको छ । पालीलाई मागधी पनि भनिन्छ । पाली बौद्ध धर्मको भाषा हो । द्वितीय प्राकृतमा अपभ्रंश भनिन्छ । अपभ्रंशको विकाससँगै आधुनिक आर्यभाषाको विकास हुन्छ । अपभ्रंश काललाई आधुनिक आर्यभाषाको उद्गम समय मानिन्छ । प्रत्येक अपभ्रंशबाट प्राकृत भाषाको विकास भए जस्तै खस प्राकृतबाट खस अपभ्रंशको विकास हुन्छ । खस अपभ्रंशको पूर्वी पहाडी भेगबाट नेपाली भाषाको उत्पत्ति भएको ठहर्छ ।

कतिपय भाषाशास्त्रीहरू नेपाली भाषा शौरसेनी प्राकृतबाट उत्पत्ति भएको मान्दछन् तापनि आधुनिक आर्यभाषा काल भएकाले र आधुनिक आर्यभाषा उत्पत्ति भएपछि मात्र नेपाली भाषा उत्पत्ति खस अपभ्रंशबाट विकसित भएको मान्न सकिन्छ भनेर उल्लेख गरिएको पाइन्छ । जर्ज ग्रियर्सनले नेपाली भाषालाई पूर्वी पहाडी मूलबाट उत्पत्ति भएको भन्नुको कारण यही हो । त्यसैबाट एघारौ शताब्दीमा प्राचीन नेपाली भाषाको विकास

भएको हो भन्ने नेपाली विद्वान्हरूमा वालकृष्ण पोखरेल वल्लभमणि दाहाल, चूडामणि बन्धु मोहनराज शर्माले स्वीकारेको देखिन्छ । भारतीय भाषाशास्त्री भोलानाथ तिवारीले नेपाली भाषालाई शौरसेनी अपभ्रंशको खास उपबोली अर्थात् शौराष्ट्री अपभ्रंशभित्र राखेका छन् । प्रकारान्तरले खस अपभ्रंशको मूल खस प्राकृत नभएर शौरसेनी भएको जानकारी मिल्छ । यिनले हर्नलेको हवला दिदै उत्तरी गौडीभित्र नेपाली र नेपाली भाषालाई ग्रियर्सनले जस्तै पहाडी भनेबाट खस अपभ्रंश बाटै नेपाली भाषाको उत्पत्ति भएको आधार फेला पर्छ किनकी खस प्राकृत पश्चिमी, मध्य र पूर्वी पहाडीका भेदमा विभाजित छ । साथै पूर्वी पहाडी नै खस अपभ्रंश हुनुले यस कुराको पुष्टी मिल्छ । नेपाली भाषालाई खसभाषा वा बोली भनेर चिनाउने परम्परा रहनुलाई यसकुराको प्रमाण मान्न सकिन्छ । यसरी विविध विचारहरूलाई हेर्दा खस प्राकृतबाट उत्पन्न भएको खस अपभ्रंशबाटै नेपाली भाषाको उत्पत्ति भएको मान्नु युक्ति सङ्गत हुन्छ । गढ़वाली, कुमाउनी र नेपाली भाषाको स्रोत एउटै देखिन्छ ।

ई.पू. १५०० तिर भारत प्रवेश गरेका आर्यहरूले बोल्ने भाषाको प्राचीन (ई.पू. १५०० देखि ई.पू. ५०० सम्म) मा वैदिक र लौकिक संस्कृतको विकास भएको भेटिन्छ । त्यसै गरी माध्यमिककालीन आर्यभाषा काल ( ई.पू. ५०० देखि ई.पू. को १००० सम्ममा आर्यभाषामा पर्याप्त विविधता आयो । यसै समयमा प्राकृतहरूको जन्म भयो र ती प्राकृतहरूबाट विकसित भएको भाषा ठानिन्छ । खस अधिराज्यको मुख्य राजधानी जुम्ला जिल्लाको सिञ्जा उपत्यका भएकोले यसको राजकीय भाषालाई सिञ्जाली भनिएको हो (अधिकारी, २०५६ : ३०) । नेपाली भाषा अन्य आधुनिक आर्यभाषा जस्तै खस प्राकृतको खस अपभ्रंशबाट ई.पू.को एघारौं शताब्दीमा विकसित भएको भाषा मानिन्छ । नेपाली भाषा अरु भाषा सरह निरन्तर रूपमा परिवर्तन भइरहेको छ । नेपाली भाषाको प्राचीन इतिहास चरणबद्ध यसप्रकारको छ :

**प्राचीन नेपाली** (**आरम्भदेखि १५५५ सालसम्म**)

नेपाली भाषाको प्राचीनकाल एघारौं शताब्दीदेखि प्रारम्भ भएको मानिन्छ । नेपाली भाषाको प्राचीन नमुना १३१२ को अशोक चल्लको अभिलेखलाई मानिएको थियो तर पूर्णप्रकाश नेपाल यात्रीको को अध्ययनपछि नेपाली भाषाको प्राचीन नमुना वि.स.१०३८ दामु पालको दुल्लु अभिलेख भएको छ । प्राचीन नेपालीलाई खसकुरा वा सिञ्जाली भाषाकारूपमा पनि चिनाउने गरिन्छ । नेपाली भाषाको पुरानो अवस्था यसले देखाउने हुँदा प्राचीन नेपाली भनिनु स्वाभाविक छ भने नेपालको पश्चिम र भारतको उत्तर प्रदेशमा बसोबास गर्ने खसहरूले बोल्ने भाषा भएका कारणले खस भनिनु पनि स्वाभाविक हो । नेपाली भाषाको उत्पत्ति र विकासको पूर्व थलो सिञ्जा (हालको जुम्ला जिल्ला) भएकाले सिञ्जाली भाषा नै ठानिन्छ । एघारौं शताब्दीमा नागराजले

खस राज्यको स्थापना गरेका हुन् । उनले आफ्नो राज्यको राजधानी कर्णाली अञ्चलको सिञ्जालाई बनाए उनले आफ्नो राज्यको राजभाषा नेपालीलाई बनाए, जसका कारणले नेपाली भाषाले राज्याश्रय पायो अनि यसमा पर्याप्त विस्तारका सम्भावना पनि देखापरे । नेपाली भाषाको मूलथलो सिञ्जा भए पनि प्रचार प्रसारका क्रममा गोर्खा काठमाडौं दार्जिलिङसम्म फैलिएको देखिन्छ ।

पृथ्वी मल्लले १,४,१, ३ मा सिञ्जाबाट जारी गरेको कनकपत्रको एक अंश “एति वृत्ति पूर्विली आदित्य मल्ल राईका पूण्य मल्ल राईका तारदी गोसाई तिपाय हिमजीउकी सूर्यग्रहण, चन्द्र ग्रहण सकल्प घलि पसा करी अति । असेल मपनी आचद्रार्क स्थापित सर्व बाधाविनीमुक्त चतुः सीमा पर्यन्त विशुद्ध सर्वकर अकर सर्वसेवा विरहित कनक पत्रिक भाषा करिशासन दोहोली करि गोल्हू जोईसिं पसाकरी अक्रायाँ छु .. ।”

सङग्राम मल्ले ११४६ मा डुम्रा कोटबाट जारी गरेको अभिलेखको अंश

“राईका भाष पसाकी अकि जय वद्या धरका चेला सर्वजसु जयतु गुनु चार जना नेपा संकल्प करि रस्यो वस्यो करि पाई ............।”

**शाके ११७७ को अभिलेख**

ओं स्वस्ति ॥ श्री शाके ११७७आषाढ सुदि १५ रविदिन ॥ .... सुवर्णभूमि पूर्वोतर लायो मांडलिक सर्ववर्मा महामात्य विस्वदेउ शिष्ट राघव कटका अधिकारी कार्की सभौप्रति........हाम्रा आलि अटलि अटल करि अक्ष्याछु ।

**सउना कार्कीको शिलालेख**

यो अभिलेख राजा अशोक चल्लका पालामा वि.सं. १३१२–२५ को ॐ नमो बुद्धयेः । स्री असोकच्चल्लदेवस्चि रंजयतुः सउना का र्कि साउका कर्क्यानिको देवलः ।

**अक्षय मल्लको शिलालेख वि.सं. १३३७ शाके १२०२**

ॐ स्वस्ति श्रीमत अछेजमम्लदेवस्य सपरिवारा चिरं जयतु आत्मन्निमित्यार्थे एकोतार सा पुरुष निमित्तान जैराजप्रसाद करायो साके १२०२ सूत्रधार नागदेव नाम कमायो ।

**जितारि मल्लको शिलालेख वि.सं. १३४८ शाके १२१३**

ॐ मणिपद्मे हूँ ॐ स्वस्ति श्रीशाके १२१३ ज्येष्ठ माशे शुक्ले पक्षे तिथौ १३ श्रीजन (?) का पुत्र अजितमल्लदेवकामा र्हतीको विजयस्तम्भः

**आदित्य मल्लको वि.सं. १३३७ को ताम्रपत्र**

ॐ स्वस्ति । श्री सेञ्जाशुभस्थाने । समुद्रवंशोद्‌भव विराटपट्टाधिष्ठितप्रतिष्ठितेष्ट देवताश्री हेव ज्रपादपद्‌म परिचर्या परायण राजकंशनारायण राजभू(ज)वलमल्लाएकांगवीरेत्यादि ।

सिञ्जासमावासितशुभस्थाने । दुर्वारदोर्दडचंडिमसमाक्रान्तुद–

**पुण्य मल्लको वि.सं. १३३९ को कनकपत्र**

ॐ स्वस्ति । सुमेरुसानुसन्निभ्राद्रभ्राभ्रलिहकनककलशसंशोभितवरविहार मनोहरविपणिश्रे–

**पृथ्वी मल्लको वि.सं. १४०६ को ताम्रपत्र**

ॐ स्वस्ति । श्री मतिसेंज्जाभिधानवरनगरेगरुडध्वजावतारा (पा) र संसारसागरोत्तारसेतुभूतापघन श्रीघनाराधनाधिगतप्राज्य

**पृथ्वी मल्लको वि.सं. १४१३ को कनकपत्र**

ॐ स्वस्ति ॥ स्वस्तिकनदावर्तश्रीविशालचतु:शालसुधाधवलसौधौत्संगसंगतांगनासंगीत मनाहरे । हरहुंकाराशु

**अभय मल्लको वि.सं. १४३३ को ताम्रपत्र**

बाजुका अधिकारी । कार्किप्रति ॥ अंदरगावंको वेलकांटियो निभौनके गढे सहित एकत्र आलो १ ॥ सर्वकर अकर सर्वदोष विशुद्धकि जैवम्ह जाइसी । पसाकी अक्यांछु । मुडाली पेटाली मोड अपुतालि । जारि दोष सभैं छाडी अक्यांछु ।

विभिन्न अभिलेखका अतिरिक्त प्राचीन नेपालीबाट दुईवटा ग्रन्थ पनि रचिएका भेटिन्छन् । भास्वती र राजागगनी राजको यात्रा । यी मध्ये भास्वती (१४३७) पहिलो कृति हो । यो संस्कृतबाट अनुवाद गरिएको जोतिष विषयसँग सम्बद्ध ग्रन्थ मानिन्छ । यसरी केही अभिलेख र ग्रन्थहरू वाहेक अन्य लेख रचना पाइएका छैनन् । साहित्यिक रचनाको अभाव हुनु प्राचीन नेपाली भाषाको विशेषता ठहरिन्छन् ।

**प्राचीन नेपाली भाषाका विशेषताहरू**

(क) प्राचीन नेपाली भाषामा तत्सम र तद्भव शब्दहरूको प्रयोग पाइन्छ ।

(ख) गद्य भाषाको प्रयोग पाइन्छ । पद्यात्मक अभिव्यक्ति पाइँदैन ।

(ग) कर्ता कारक जनाउने "ले" विभक्तिको प्रयोग भएको पाइँदैन् । जस्तैः म पसाकी अक्र्याँछु ।

(घ) द्वितीया विभक्ति को चिन्न कन को प्रयोग कँ का रूपमा भएको पाइन्छ जस्तैः यतिकँ पायक ।

(ङ) प्रेरणार्थक क्रिया पदमा आव प्रत्ययको प्रयोग भएको पाइन्छ जस्तै अटकाव, लेलाव, खोसाव ।

(च) मानवेत्तर नाममा पनि लिङ्ग विधान पाइएको छ । जस्तैः पसा कि थि कनक पत्रकि भाषा करि ।

(छ) नेपाली भाषाको रूप सर्वत्र एकनासको पाइएको छ । यसमा प्रयुक्त भाषाको भेद पाइँदैन ।

(ज) प्राचीन नेपाली बहुवचन बोधक प्रत्यय 'हरू' र संयोजकका रूपमा प्रयुक्त हुने 'र' पाइँदैन ।

(झ) साहित्यिक रचनाको अभाव छ ।

(ञ) खस राज्यको राजकीय भाषा ।

(ट) अभिलेखकालीन अवस्था ।

(ठ) सहायक क्रियापदको अभाव ।

**सिञ्जाली भाषाको प्रारूप र समसामयिक प्रयोग**

सिञ्जाली भाषा सिञ्जादराको भाषा हो । यसका आफ्नै मौलिक ध्वन्यात्मक, वर्णात्मक, रूपात्मक, शब्दात्मक, व्याकरणात्मक विशेषताहरू रहेका छन् । सिञ्जाली भाषाको प्रारूप र यसको समसामयिक प्रयोगका सम्बन्धमा यहाँ अध्ययन गरिएको छ :

स्वरमध्यगत दुई व्यञ्जनहरू भए कतै प्रगत समीभवन त कतै परागत समीभवनको स्थिति देखा पर्दछः

**प्रगत समीभवनः** अगाडिको व्यञ्जनले पछाडिको व्यञ्जनको रूप लिने प्रक्रिया नै प्रगत समीभवन हो । सिञ्जाली भाषामा यस्तो व्यवस्था छ :

| **सिञ्जाली** | **नेपाली** | **सिञ्जाली** | **नेपाली** |
|---|---|---|---|
| गाड्डो | गाड्दो | भुन्नो | भन्दो |
| काट्टो | काट्दो | बाल्लो | बाल्दो |

गाड्दोका स्थानमा गाड्डो *भुन्नोका* स्थानमा *भन्दो* ले *द* वर्णको स्थानमा *ड* र *द* वर्णको स्थानमा *न* वर्णले सिञ्जाली भाषामा स्थान लिएको हुनाले सिञ्जाली भाषामा प्रगत समीभवन भएको छ । *काट्दो* र *काट्टोमाद* का स्थानमा *ट बाल्दो* र *बाल्लो* मा *द* का स्थानमा *ल* को प्रयोग भएको छ । सिञ्जाली भाषामा अगाडिको व्यञ्जनले पछाडिको व्यञ्जनको रूप लिने गरेको छ ।

**परागत समीभवनः** पछाडिको व्यञ्जनले अगाडिको व्यञ्जनको स्वरूप फेरिने प्रक्रिया नै परागत समीभवन हो । यस्तो उच्चारण सिञ्जाली भाषामा छ :

| **सिञ्जाली** | **नेपाली** | **सिञ्जाली** | **नेपाली** |
|---|---|---|---|
| गद्दो | गर्दो | गन्न | गर्न |

यहाँ *गर्दो*सिञ्जाली भाषामा *गद्दो* हुँदा पछाडिको व्यञ्जन नै फेरिएर/दोहोरिएर आएको छ ।

**विषमीभवन** : सिञ्जाली भाषामा विषमीभवनको स्थिति छ :

| **सिञ्जाली** | **नेपाली** |
|---|---|
| तुमी | तिमी |

सिञ्जाली भाषाकामा स्पर्श संघर्षी /च/र/ज/ तथा संघर्षी /स/ यदि नासिक्य /न/ भन्दा अघि आएका छन् भने उच्च अग्र स्वरमा विकल्पले परिवर्तन हुने गरेको छ :

| **सिञ्जाली** | **नेपाली** | **सिञ्जाली** | **नेपाली** |
|---|---|---|---|
| बेइन्या/बेच्न्‍ | बेच्याने | माइन्या/माज्न्या | माज्ने |
| बइन्या/बस्न्या | बस्ने | | |

*बेच्ने* सिञ्जाली भाषामा *बेच्न्या* वा *बेइन्या* हुने गरेको छ । यसले *ए* सिञ्जाली भाषामा *या* हुने गरेको छ । *बस्ने* सिञ्जाली भाषामा*बस्न्या/बइन्या* हुने गरेको छ । *माज्ने* सिञ्जाली भाषामा *माज्न्या/माइन्या* हुने गरेको छ । यसरी सिञ्जाली भाषामा उच्च अग्र स्वरमा विकल्पले परिवर्तन हुने गरेको छ ।

यदि /स/ व्यञ्जन भन्दा पछि क्रमशः /त//ट/ तथा /क/ मा कुनै आएका छन् भने सिञ्जालीभाषामा /अ/को/इ/ मा परिवर्तन हुन्छ :

| सिञ्जाली | नेपाली | सिञ्जाली | नेपाली |
|---|---|---|---|
| बइथो | बस्तो | यइखो | यसको |

*बस्तोमा* रहेको /*स*/र/*त*/ वर्णमा सिञ्जालीभाषामा /*इ*/र/*थ*/ वर्णको प्रयोग भएको छ। बस्तो सिञ्जाली भाषामा *बइथो*भएको छ।

**महाप्राणी भवन**: अल्पप्राण ध्वनि महाप्राण ध्वनिमा परिवर्तन हुनु हो। सिञ्जाली भाषामा समेत यस्तो प्रक्रियाबाट उच्चरित हुने वर्ण रहेको छ :

| **सिञ्जाली** | **नेपाली** | **सिञ्जाली** | **नेपाली** |
|---|---|---|---|
| झाहाज | जहाज | झाहान | जहान |

/*ज*/ को उच्चारण हुँदा सिञ्जालीभाषिका/*झ*/ वर्णको उच्चारण हुने गरेको छ।

**अल्पप्राणी भवन**: महाप्राण ध्वनि अल्पप्राणमा परिवर्तन हुनु नै अल्पप्राणी भवन हो। सिञ्जाली भाषामा यस्ता वर्णहरूको उच्चारण हुने गरेको छ :

| **सिञ्जाली** | **नेपाली** | **सिञ्जाली** | **नेपाली** |
|---|---|---|---|
| बग | बाघ | दुद | दुध |
| मुडो | मुढो | माज | मझ |

*बाघ* उच्चारण हुने, मा सिञ्जाली भाषामा *बाग* उच्चारण हुने
गर्छ। यहाँ *घ* वर्णको स्थानमा सिञ्जाली *ग* वर्णको उच्चारण भएको छ। *दुध, मुढो* र *माझमा* क्रमशः सिञ्जाली भाषामा *दुद, मुडो* र माज उच्चारण भएको छ। यसले गर्दा सिञ्जाली भाषामा वर्णमा अल्पप्राणी भवनको व्यवस्था रहेको छ।

**घोषी भवन**: अघोष ध्वनि घोषमा उच्चरित हुनु घोषीभवन हो। सिञ्जाली भाषामा घोषीभवन हुन्छः

| **सिञ्जाली** | **नेपाली** | **सिञ्जाली** | **नेपाली** |
|---|---|---|---|
| पग्डिनु | पक्डिनु | उग्लनु | उक्लनु |

*क* सिँजालीमा *ग* वर्णमा उच्चरित भएको छ। सिञ्जाली भाषामा प्रयोग व्यवहार हुँदा घोषीभवन भएको हो।

**अघोषी भवन**: घोष ध्वनि अघोषमा उच्चरित हुनु अघोषीभवन हो। सिञ्जालीभाषामा यस्ता वर्ण व्यवस्था रहेको छः

| **सिञ्जाली** | **नेपाली** | **सिञ्जाली** | **नेपाली** |
|---|---|---|---|
| लेतो | लेदो | फट्को | फड्को |

*द*घोष वर्ण हो । नेपाली भाषामा *द* वर्णको प्रयोग भएर *लेदो* भएको छ भने यसैको सिञ्जालीभाषामा *लेतो* उच्चारण हुने गरेको छ । यहाँ *त* वर्ण अघोष वर्ण हो । *फड्को* सिञ्जालीभाषामा *फट्को* हुने गरेको छ । यसरी अघोषी भवन भएको मानिन्छ । यस्तो व्यवस्था सिञ्जालीभाषामा रहेको छ ।

**अनुनासिक** :सिञ्जालीभाषामा अनुनासिक वर्ण व्यवस्था यसप्रकारको छ :

| सिञ्जाली | नेपाली | सिञ्जाली | नेपाली |
|---|---|---|---|
| फाम | फाँम | आम | आँम / आँप |

नासिक्य भएका ध्वनिहरू सिञ्जालीभाषामा नासिक्य नहुने गरेको छ । नेपाली भाषाको *फाँम* मा *फाँ* नासिक्य उच्चारण भएको छ भने सिञ्जालीभाषामा *फाम* को *फा* अनासिक्य भएर उच्चरित भएको छ ।

(झ) सिञ्जालीभाषामा शब्दको अन्तिम वर्ण यदि /र/ छ भने /ड/ वर्णमा उच्चरित हुने गरेको छ । जस्तै :

| सिञ्जाली | नेपाली | सिञ्जाली | नेपाली |
|---|---|---|---|
| चडो | चरो | कुकुडो | कुखुरो |
| गडो | गरो | छेपाडो | छेपारो |

*चरो* र *कुखुरो* मा रहेको *र* वर्ण का स्थानमा सिञ्जालीभाषामा *ड* वर्णको उच्चारण भइ *चडो* र *कुकुडो* भएको छ । *गरो* र *छेपारो* शब्दमा आएका *र* वर्णका स्थानमा समेत ड उच्चरित भएर गडो र छेपाडो भएको छ ।

(ञ) सिञ्जालीभाषामा /य/ वर्णको विकल्पमा /ज/ वर्णको उच्चारण हुने गरेको छ :

| सिञ्जाली | नेपाली | सिञ्जाली | नेपाली |
|---|---|---|---|
| जज्ञ | यज्ञ | जुग | युग |

*य* वर्णका स्थानमा सिञ्जालीभाषामा *ज* वर्णको उच्चारण भएको छ । *यज्ञ* र *युग*सिञ्जालीभाषामा जज्ञ र युग भएको छ । यसले गर्दा यस्तो प्रक्रिया सिञ्जालीभाषामा हुने वर्णको उच्चारणमा विशिष्ट व्यवस्था हो ।

सिञ्जालीभाषामा मूर्धन्य ष वर्णको उच्चारणको विकल्पमा ख वर्णको उच्चारण हुने गरेको छ :

| सिञ्जाली | नेपाली | सिञ्जाली | नेपाली |
|---|---|---|---|
| खष्ठी | षष्ठी | वर्खा | वर्षा |

*षष्ठी* र *वर्षाको* *ष* को स्थानमा सिञ्जालीभाषामा *खष्ठी* र *वर्खा*भएको छ ।

(ठ) सिञ्जालीभाषामा स वर्णको स्थानमा स्ह / ह वर्णको उच्चारण हुने गरेको छ । जस्तै :

| सिञ्जाली | नेपाली | सिञ्जाली | नेपाली |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| हल्यान | सल्यान | स्होल्टी | सोल्टी |
| स्हलाइ | सलाइ | स्हबै | सबै |

*स* वर्ण सिञ्जालीभाषामा उच्चारण हुँदा *स्ह/ह* वर्णका रूपमा उच्चरित हुने गर्दछ। *सल्यान, सोल्टी* सलाइ र *सबैमा* उच्चारण भएको *स*सिञ्जालीभाषामा *स्ह* भएर उच्चरित हुँदा स्हल्यान *स्होल्टी,* स्हलाइ र स्हबै भएको छ।

सिञ्जालीभाषामा कतिपय अवस्थामा ल वर्ण त मा र त वर्ण ल का स्थानमा आएर उच्चरित हुने गर्दछः

| **सिञ्जाली** | **नेपाली** | **सिञ्जाली** | **नेपाली** |
|---|---|---|---|
| पाल्तो | पातलो | पुल्ती | पुतली |

*पातलो* र *पुतलीलाई*सिञ्जालीभाषामा *पाल्तो* र *पुल्ती* भनेर उच्चारण गरिएको छ। *त* वर्णको स्थानमा *ल* र *ल* वर्णको स्थानमा *त*सिञ्जालीभाषामा उच्चरित हुने गरेको छ।

सिञ्जालीभाषामा मध्यगत ह वर्ण लोप भएर उच्चारण हुन्छ। जस्तै :

| **सिञ्जाली** | **नेपाली** | **सिञ्जाली** | **नेपाली** |
|---|---|---|---|
| कुइनो | कुहिनो | जइले | जहिले |

*ह* वर्णको स्थानमा सिञ्जालीभाषामा *इ* वर्णको उच्चारण भएको छ। *कुहिनो* र *जहिले* हुन्छ भने यसको सिञ्जालीभाषामा *कुइनो* र *जइले* भएर उच्चारण हुने गर्दछ।

सिञ्जालीभाषामा रेफ (रकार)का स्थानमा न वर्णको उच्चारण हुने गर्दछ :

| **सिञ्जाली** | **नेपाली** | **सिञ्जाली** | **नेपाली** |
|---|---|---|---|
| हेन्नु | हेर्नु | गन्नु | गर्नु |

रेफ/रकार उच्चारण हुने वर्णहरू *हेर्नु* र *गर्नु* उच्चारण सिञ्जालीभाषामा उच्चरित हुँदा *हेन्नु र गन्नु* हुने गर्दछ। सिञ्जालीभाषामा रेफका स्थानमा *न* वर्णको बढी प्रयोग हुने गरेको छ।

सिञ्जालीभाषामा ह, ग, ड, ढ, र, व, द, न ध्वनिहरू अवस्थानुसारउच्चरित हुन्छ।

| **सिञ्जाली** | **नेपाली** | **सिञ्जाली** | **नेपाली** |
|---|---|---|---|
| घत् | गहत | भ्या | विवाह |
| धेलो | ढोका | धह | दह |

*गहत, विवाहका* स्थानमा सिञ्जालीभाषामा *घत् र भ्या* भनेर उच्चरित हुने गरेकोले यो उच्चारण व्यवस्था सिञ्जाली भाषाको मौलिक विशेषता हो। हाल प्रचलित नेपाली भाषाको *ढोका र दह* को *ढ* र *द* वर्णका

स्थानमा सिञ्जालीभाषामा *ध* वर्णको उच्चारण भएको छ । यसले गर्दा *ढोका* र *दह*सिञ्जालीभाषामा उच्चारण हुदा *धेलो र धह* शब्द संरचनामा तयार भएर उच्चरित हुन्छ ।

दीर्घ स्वरहरू प्राय: स्वरमध्यमगत /इ/ को लोपले गर्दा देखापरेका छन् र यस्ता स्वरहरू व्यतिरेकी भएपनि मिल्दो जुल्दो वातावरणमा प्राप्त हुने गर्दछन् । जस्तै /रङ्/रङ्गिनु [र अङे] रहर ।

यदि /इ/र/उ/ पछि कुनै स्वर आएका छन् भने त्यस्तो स्थितिमा दुई अक्षर बन्ने गर्दछन् तर /या/र/व/ पछि आएको स्वरले एउटै अक्षर बनाउँछन् ।

/गर्याको/ गरेको /मर्याको/ मरेको

/रह्याको/ रहेको

हाल प्रचलित नेपाली भाषाको लेख्य र कथ्य रूपमा 'अ' ध्वनि सिञ्जालीमा कतै 'स' त कतै 'ह' मा उच्चारित हुने गर्दछ । जसको उच्चारण अरू पृथक खालको हुने गर्दछ । विशेषत: स्ह भित्र केन्द्रित हुने गर्दछ:

स्हल्यान> सल्यान स्हापी >सापी

स्हुत्केरी > सुत्केरी स्हुल्पा > सुल्पा

मानवेत्तर प्राणीमा पुलिङ्गी स्त्रीलिङ्गी क्रिया रहने गरेको पाइनु । जस्तै :

बल्ल आयो >गोरू आयो गाई आइ > गाई आयो

भेडो आयो > बाखो आयो भेडी आइ > भेडी आयो

सामान्य वर्तमानकालिक क्रियामा 'दो' को आगम हुनु । जस्तै :

भन्दो छ > भन्छ गद्‌दो छ >गर्छ खांदो छ > खान्छ

भूतकालीन क्रियामा 'छ' को प्रयोग हुने गर्दछ । जस्तै :

काम गद्‌दो छियो >काम गर्दै थियो

उ जान्या छियो > उ जाने थियो


तेईले राया छियो > त्यसले चिनेको थियो

कारक विभक्तिमा विशिष्ट प्रयोग भएको देखिनु । जस्तै :

द्वितीया विभक्ति : कन तृतीया र पञ्चमी : देई

षष्ठी विभक्ति : को (ओ) का (आ) सप्तमी विभक्ति: मैं

अधिकरण कारकका चार रूप देखिन्छन् । जस्तै :




सर्वनामगत पृथकता देखिनु । जस्तै :

मुँ >म तो >तँ तुमी > तिमी

उच्च आदरार्थी 'हजुरको' न्यून प्रयोग । जस्तै :

तुमी जान्या हौं हजुर जानुहुन्छ

तपाइँ जानु हुन्या हो

'आ' कार बाट नै बहुवचन बोधक रूप देखिनु । जस्तै :

छोट्या > केटाहरू मान्ठ > मान्छेहरू

सिञ्जाली अभिवादनका मौलिक शब्दहरू रहेको देखिन्छ । जस्तै :

झउदे/जउदे > ढोग पाउलागि > ढोग

सोस्ती > ढोग जयहोस् > ढोग

सिञ्जाली भाषामा शब्दगत मौलिकता देखिन्छ । जस्तै :

ओडो > यता पुडो >उता

सम्बोधन शैलीमा विभेदता देखिन्छ । जस्तै :

ए भाउव ए बाबु !

ए छोट्टिय ए केटी !

सिञ्जालीमा ठाउँको नामबाट विशेषण बनाउने शैली भेटिन्छ । जस्तै :

लुड्काल लुड्कुको मान्छे

सिञ्जाल् सिञ्जाको मान्छे

जिउल्याल जिउलाको मान्छे

विस्मयादिबोधक शब्द आफ्नै किसिमका छन् ।

ओदैअ ! थुइअ !

कठै ! च्वच्च !

अइय अइय ! गलिगलि !

सिञ्जालीका सम्बन्धबाची मौलिक शब्द रहेका छन् । जस्तै :

बोब> बाजे बज्ज्यु > बज्यै

(ठकुरी) आज्या > दिदी

सिञ्जाली भाषामा अँ, आँ, उँ अनुनासिक हुन् भने इँ, एँ, ओँ अनुनासिक होइनन् । प्रचलितमानक नेपाली भाषामा अँ, आँ, इँ, उँ, एँ र ओँ अनुनासिक हुन् ।

सिञ्जाली भाषामा शब्दादिमा /स/ वर्ण /स्ह/ वर्ण (ध्वनि) उच्चरित हुन्छ भने शब्दमध्य र शब्दान्तमा /स/ वर्ण (ध्वनि) को उच्चारण /स/ नै हुन्छ ।प्रचलित नेपाली भाषामा शब्दादि, मध्य र अन्त्यमा /स/ उच्चारण हुन्छ ।

प्रचलित मानक नेपाली भाषाको संयुक्त वर्ण सिञ्जाली भाषामा असंयुक्त रूपमा उच्चारण हुन्छ ।

सिञ्जाली भाषामा'आ' कारले बहुवचन बोध गराउँछ 'हरू' को प्रयोग हुँदैन भने नेपाली भाषामा 'हरू' बहुवचनबोधक प्रत्यय प्रयोग हुन्छ ।

सिञ्जाली भाषामा विभक्ति मौलिक खालका छन् : विअ, पथ, बाटी, मी, कन, ओ हुन् भने प्रचलित मानक नेपाली भाषामा, ले, लाई, बाट, को, का, की, रो, रा, री, नो, ना, नी, मा माथि हुन् ।

सिञ्जाली भाषामा मानवेत्तर प्राणी स्त्रीलिङ्गी प्रयोग हुन्छ भने मानक नेपाली भाषामा पुलिङ्गी नै प्रयोग हुन्छ।

सिञ्जाली भाषामा स्त्रीलिङ्गी कोटिकर *जुनी* प्रयोग हुन्छ भने जुन प्रचलित नेपाली भाषामा एउटै *जना* कोटिकर प्रयोग हुन्छ ।

सिञ्जाली भाषामा मानवेत्तर प्राणीमा कोटिकरको प्रयोग हुँदैन ।

सिञ्जाली भाषामा*डिगा* शब्दावलीको कोटिकर प्रयोग भएको छ । जस्तैः *दुई डिगा गाई*

सिञ्जाली भाषाको सर्वनाममा *मु, तो, तुमी हुन्छ* भने नेपाली भाषामा *म, तँ, तिमी* हुन्छ ।

सिँजालीमा सर्वनाममा विभक्ति लागेर *मुइँले, तोइले, तुमीले* हुन्छ भने नेपालीमा *मैंले, तैंले, तिमीले* हुन्छ ।

सिञ्जाली भाषामा भूतकालको क्रियामा *छ* सहायक क्रियाको प्रयोग हुन्छ भने मानक नेपाली भाषामा *थ* सहायक क्रियाको प्रयोग हुन्छ ।

सिञ्जाली भाषाका र मानक नेपाली भाषाको अकरण व्यवस्थामा भिन्नता छ ।

सिञ्जाली भाषामा *नु/न/नइ/नाइ/नौ* थपिएर अकरण बन्ने गरेको छ भने नेपाली भाषामा 'न' थपिएर अकरण बन्ने गरेको छ ।

## निष्कर्ष

एघारौं शताब्दीमा नागराजले खस राज्यको स्थापना गरेका र उनको राज्यको राजधानी कर्णाली अञ्चलको सिञ्जा थियो ।नेपाली भाषाको प्राचनि नमुना अशोक चल्ल अभिलेख र दुल्लु अभिलेख हुन् । प्राचीन नेपाली खस कुरा सिञ्जाली भाषा हो । नागराजको राजभाषा सिञ्जाली थियो । यो नेपाली भाषाको प्राचीन स्वरूप हो । यस प्राचीन कालको भाषाका विशेषताहरू मुख्यगरी तत्सम तद्भव शब्दको प्रयोग भएको पाइनछ । गद्य भाषाको प्रयोग हुने, कर्ता कारक जनाउन ले विभक्तिको प्रयोग हुने मानवेत्तर नाममा लिङ्ग विधान हुने, बहुवचनबोधक हरू को प्रयोग नहुने र साहित्यिक लेख रचनाको अभाव भएको पाइन्छ ।वर्तमान अवस्थाका कर्णाली अञ्चलको जुम्ला जिल्लामा रहेको सिञ्जामा बोलिने तयही नेपाली भाषाको प्राचीन स्वरूप सिञ्जाली भाषाका विशेषता अध्ययन गर्दा स्वरूप संरचनामा परिवर्तन हुँदै आएको पाइन्छ । जुम्ला जिल्लाको पश्चिमी क्षेत्र कालिकोट जिल्ला र मुगु जिल्लाको सीमाना जोडिएको सिञ्जा दरा , भेगमा संरचित छ । हालको प्रयोग प्रचलितसिञ्जाली भाषामा रहेका प्रमुख विशेषताहरू मुख्य गरी /इ/ /उ/ स्वर आएको अवस्थामा /या/ /व/पछि आएको स्वरले एउटै अक्षर बनाउँछ : गर्‍याको, रह्‍याको । मानवेत्तर क्रियामा स्त्रीलिङ्गी प्रयोग हुने गर्दछ । बल्ल आयो, गाई आइ, सामान्य वर्तमान कालिक क्रियामा दो को प्रयोग :गद्‌दो छ, खाँदो छ । भूतकालिक क्रियामा छ को प्रयोग छियो हुन्छ । सर्वनामगत शब्दको संरचनामा मौलिकता मुँ, तो, तुमी रहेको छ भने सिञ्जाली भाषामा अभिवादनमा समेत मौलिक प्रकृतिको शब्दावली प्रयोग हुने गरेको छ : झउदे/जदेउ, आत्तु । सम्बोधनगत शब्द समेत मौलिक प्रकृतिका रहेको पाइन्छ : याइ छाट्टीअ, ए भाउअ ।सिञ्जाली भाषामा नामबाट विशेषण शब्दावली बन्ने गर्दछ भने विस्मयादिबोधक शब्दावली मौलिक प्रकृतिका छन् । सिञ्जाली भाषामा कोटिकर जनाउन 'जुनी' को प्रयोग हुने गर्दछ । सिञ्जाली भाषामा नु/न/नइ/नाइ/नौ थपिएर अकरण बन्ने गर्दछ । सिञ्जाली भाषामा अनादर, सामान्य आदर (मध्यम) विशेष आदरको व्यवस्था छ ।

## सन्दर्भ सामग्री


अधिकारी, सूर्यमणि (२०५६), *नेपाली भाषाको इतिहास,* भुँडीपुराण प्रकाशन ।

अधिकारी, सूर्यमणि (२०६१), *खस साम्राज्यको इतिहास,* भुँडीपुराण प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०६२), *समसामयिक नेपाली व्याकरण,*विद्यार्थी पुस्तक भण्डार ।

ओझा, रामनाथ र मधुसूदन गिरी (२०६२), भाषाविज्ञान, सनलाइट पब्लिकेसन ।

खनाल,मोहनप्रसाद (२०६८), नेपाली भाषाका हजार वर्ष, राइनो पब्लिकेसन ।

जोशी, सत्यमोहन (२०२८), *कर्णाली लोक संस्कृति इतिहास खण्ड १,*नेराप्रप्र ।

तिवारी, भोलानाथ (सन् १९८५), आधुनिक भाषाविज्ञान, लिपि प्रकाशन ।

नेपाली भाषाका आधारभूत वाक्यहरू र स्वादेश शब्दावली (...... .), त्रि.वि.: भाषाविज्ञान विभाग ।

न्यौपाने, टङ्कप्रसाद (२०६१), *भाषाविज्ञानको रूपरेखा,*नेपाल बुक डिपो ।

पोखरेल,बालकृष्ण (२०५०), पाँचसय वर्ष, साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०५६), *नेपाली वाक्य व्याकरण,* एकताबुक्स ।

बन्धु चुडामणि (२०२८), *कर्णाली लोक संस्कृति र भाषा खण्ड ४,* नेराप्रप्र ।

बन्धु चुडामणि (२०५२), *नेपाली भाषाको उत्पत्ति,*साझा प्रकाशन ।

बन्धु चुडामणि (२०५३), भाषाविज्ञानका सम्प्रदाय, अक्षर सदन ।

भण्डारी, पारसमणि (२०५२), *प्रायोगिक भाषविज्ञानका केही पक्ष,*विद्यार्थी पुस्तक भण्डार ।

भाषा, आयोग (२०७८), *प्रतिवेदन,* काठमाडौं : शङ्खमूल ।

यात्री, पूर्णप्रकाश (२०५३), *नेपाली भाषाको ऐतिहासिक मिमांसा,*एकता प्रकाशन ।

यादव, योगेन्द्रप्रसाद, भीमनारायण रेग्मी (२०५९), *भाषाविज्ञान,*न्यू हीरा बुक्स इन्टर प्राइजेज ।

लम्साल, रामचन्द्र र अन्य (२०६०), *प्रायोगिक भाषाविज्ञान,*भुँडीपुराण प्रकाशन ।